धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १२ ◆ २०८३ साउन १२ गते मंगलबार, Tuesday, July 28, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## घुस लिँदै गरेको अवस्थामा वडा सचिव पक्राउ

काठमाडौँ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले झापाको गौरीगञ्ज गाउँपालिका-१ का वडासचिव अजयकुमार साहलाई रु १० हजार घुससहित पक्राउ गरेको छ।

आयोगका अनुसार सम्बन्धविच्छेद दर्ता प्रमाणपत्र जारी गरिदिने क्रममा सेवाग्राहीलाई दुःख-हैरानी दिइ घुस मागेको भन्ने सूचना तथा उजुरीका आधारमा आयोगको इटहरी कार्यालयबाट खटिएको टोलीले साहलाई पक्राउ गरिएको हो।

आयोगले सेवाग्राहीबाट रु १० हजार घुस लिइसकेको अवस्थामा सोही वडास्थित एक स्थानीय होटलबाट आज नियन्त्रणमा लिएको हो। आयोगले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

## नेपाल नामिबियासँग पराजित

काठमाडौँ। आइसिसी पुरुष विश्वकप क्रिकेट लिग-२ अन्तर्गत सोमबार भएको निकै प्रतिस्पर्धात्मक खेलमा नेपाल नामिबियासँग पराजित भएको छ।

नेदरल्यान्ड्सको उट्रेच्टमा सोमबार (हिजो) सम्पन्न खेलमा नेपाल नामिबियासँग तीन रनको झिनो अन्तरले पराजित भएको हो। नामिबियाले दिएको २१२ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित ५० ओभरमा ६ विकेट गुमाएर २०८ रन मात्र बनाउन सफल भयो।

नेपालका लागि आसिफ शेखले सर्वाधिक ४५ रनको योगदान दिए भने रोहित पौडेलले ४१ रन बनाए। त्यस्तै आरिफ शेखले अविजित ३८ रन तथा कुशल भूर्तेलले ३४ रन बनाए। अन्तिम ओभरसम्म पुगेको खेलमा गुल्शन झाले १० बलमा अविजित १९ रन बनाए पनि नेपाललाई जित दिलाउन पर्याप्त भएन। नामिबियाका ज्याक ब्रासेलले ३ विकेट लिए भने रुबेन ट्रम्पेलम्यानले २ विकेट लिए। त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नामिबियाले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर २११ रनको योगफल बनाएको थियो।

नामिबियाका जान फ्रिलिङ्ले १४९ बलमा १०० रनको शतकीय इनिङ्स खेले भने लाउरेन स्टिनक्याम्पले ५९ रनको योगदान दिए। नेपालका करण केसी उत्कृष्ट प्रदर्शन गर्दै १० ओभरमा २९ रन खर्चेर ५ विकेट लिए। त्यस्तै सोमपाल कामीले १ विकेट लिए।

## भिसा कीर्ते गरेको अभियोगमा भ्रष्टाचार मुद्दा

काठमाडौँ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अध्यागमन विभागको गैरपर्यटक शाखामा कार्यरत तत्कालीन कम्प्युटर अपरेटर (वरिष्ठ अध्यागमन सहायक) राजीव महतो र एक अमेरिकी नागरिक विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगका अनुसार महतोले नेपाली पोर्ट प्रणालीको 'ट्राभलर सेन्ट्रलाइजेसन' सुविधा दुरुपयोग गरी लक्जेम्बर्गका नागरिकका नाममा जारी भएको आवासीय भिसाको अभिलेख कीर्ते गरेर आवश्यक प्रक्रिया पूरा नगरेका एक अमेरिकी नागरिकका नाममा एकीकृत गरी भिसा जारी गरेको आरोप लागेको छ।

सरकारी अभिलेख हेरफेर गरी नेपाल सरकार र अध्यागमन विभागलाई हानि-नोक्सानी पुऱ्याएको आरोपमा आयोगले सोमबार विशेष अदालतमा वरिष्ठ अध्यागमन सहायक महतो र उक्त अमेरिकी नागरिकविरुद्ध कैद तथा जरिवानाको मागदाबी गर्दै मुद्दा दायर गरेको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

## अनुमतिविना विज्ञापन प्रसारण गर्न नपाइने

काठमाडौँ। विज्ञापन बोर्डले मुलुकभित्र प्रसारण हुने सबै श्रव्य, दृश्य तथा श्रव्यदृश्य विज्ञापन सामग्री प्रसारण गर्नुअघि अनिवार्य रूपमा बोर्डबाट परीक्षण गराई प्रसारण अनुमति लिनुपर्ने जनाएको छ।

बोर्डले सोमबार सूचना जारी गर्दै बोर्डको स्वीकृति नलिई विभिन्न सञ्चारमाध्यमबाट विज्ञापन प्रसारण भइरहेको, विज्ञापनकर्ताको नाम, ठेगाना, चेतावनी मूलक सन्देशलगायत अनिवार्य विवरण उल्लेख नगरिएको तथा तथ्यहीन, अतिरञ्जित र उपभोक्तालाई भ्रममा पार्ने सामग्रीसमेत प्रसारण भएको पाइएको जनाएको छ।




विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १५(ख), विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम (५) तथा विज्ञापन प्रसारण सामग्री परीक्षण सम्बन्धी मापदण्ड, २०७८ (पहिलो संशोधन, २०८०) अनुसार विज्ञापन सामग्री परीक्षण तथा अनुमति दिने अधिकार विज्ञापन बोर्डमा रहेको छ। बोर्डले नेपालमा प्रसारण हुने सबै श्रव्य, दृश्य तथा श्रव्यदृश्य विज्ञापन सामग्री प्रसारणअघि अनिवार्य रूपमा परीक्षण गराई अनुमति लिन तथा हालसम्म परीक्षण नगराई प्रसारण भइरहेका विज्ञापन सामग्री तत्काल परीक्षण गराई कानुनी प्रक्रिया पूरा गर्न सम्बन्धित सबै पक्षलाई निर्देशन दिएको हो।

प्रचलित कानुनविपरीत रहेका विज्ञापन सामग्री तत्काल हटाउन भनिएको छ। कानुनी व्यवस्था उल्लङ्घन गरी विज्ञापन प्रसारण गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरिने बोर्डले जनाएको छ।

## सुरुङमार्ग प्रभावित क्षेत्रको खानेपानी व्यवस्थापनमा ११ निर्णय

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ। नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाबाट प्रभावित क्षेत्रको खानेपानी आयोजनाको दीर्घकालीन सञ्चालन, मर्मतसम्भार तथा स्थानीय सरोकारका विषयमा पूर्वाधार विकासमन्त्री सुनिल लम्साल र प्रभावित क्षेत्रका स्थानीय प्रतिनिधिबीच छलफल भएको छ।

सोमबार (हिजो) पूर्वाधार विकास मन्त्रालयमा आयोजित छलफलमा नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाबाट चन्द्रागिरि नगरपालिका-१ र २ का प्रभावित बासिन्दाका लागि बनाइएका खानेपानी आयोजनाको दिगो सञ्चालन सुनिश्चित गर्न ११ बुँदे निर्णय गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्री लम्सालका निजी सचिव राजेन्द्रबहादुर बमका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ मा खानेपानी आयोजनाको विद्युत् महसुल तथा न्यूनतम आवश्यक जनशक्तिको व्यवस्थापन पूर्वाधार विकास मन्त्रालयले गर्ने निर्णय भएको छ।

आगामी आर्थिक वर्षदेखि भने सञ्चालन खर्च केन्द्र सरकारमार्फत चन्द्रागिरि नगरपालिकालाई सशर्त अनुदानका रूपमा उपलब्ध गराउने सहमति भएको उहाँले जानकारी दिनुभयो।

सुरुङको पूर्वी प्रवेशद्वार (पोर्टल) मा रहेको डिपबोरिङमा मोटर जडान गरी खानेपानी सञ्चालन गर्ने, खानेपानी तथा ढल व्यवस्थापन विभागले आवश्यक प्राविधिक सहयोग, अनुगमन तथा समन्वय गर्ने तथा नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाले खानेपानी आयोजनासम्बन्धी सम्पूर्ण प्राविधिक विवरण, अभिलेख र आवश्यक कागजात सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने निर्णय पनि गरिएको छ।

बैठकले घर चर्किएको सम्बन्धमा सुरुङमार्ग निर्माणका कारण क्षति पुगेको हो वा होइन भन्ने विषयमा प्राविधिक अध्ययन अघि बढाउने र अध्ययन प्रतिवेदनका आधारमा क्षतिपूर्ति प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ।

त्यसैगरी, निर्माणाधीन मितेरी मार्गका लागि बजेटको निरन्तरता दिने, सुरुङको पूर्वी पोर्टलबाट किसिपीडीतर्फ स्थानीयलाई आवतजावत गर्न सहज बनाउने उद्देश्यले आवश्यक पूर्वाधार निर्माणका लागि बजेट व्यवस्थापन गर्ने तथा सिस्ने खोलाबाट पानी लिफ्टिङ गर्नेसम्बन्धमा आवश्यक अध्ययन सम्पन्न गरी निर्माण यथाशीघ्र सुरु गर्ने निर्णय भएको मन्त्री लम्सालका निजी सचिव बमले जानकारी दिनुभयो।

स्थानीय रोजगारीका विषयमा सम्बन्धित वडाको सिफारिसका आधारमा दक्षता र क्षमताअनुसार अवसर उपलब्ध गराउने तथा प्रभावित क्षेत्रका बासिन्दाले सुरुङमार्ग प्रयोग गर्दा लाग्ने दस्तुरका विषयमा सडक बोर्ड नेपालमार्फत नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरी उचित सम्बोधन गर्ने निर्णय पनि बैठकले गरेको छ। छलफलमा मन्त्रालयका सहसचिव सुशीलबाबु ढकाल, सडक विभागका महानिर्देशक विजय जैसी, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक कमलराज श्रेष्ठ, चन्द्रागिरि नगरपालिका-१ का वडाध्यक्ष हरिश्याम रानामगर, वडा नं २ का कार्यवाहक अध्यक्ष चन्द्रकुमारी गिरि (बस्नेत) तथा विभिन्न खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरूको सहभागिता थियो। बैठकमा नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाले प्रभावित क्षेत्रका लागि निर्माण गरिएको छ।

## प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा प्रमुख फिर्ता

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ। गृह मन्त्रालयले आइतबार राति सुनसरीमा भएको घटनालाई लिएर त्यहाँका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेसहित सुरक्षा निकायका प्रमुखलाई फिर्ता बोलाएको छ।

घिमिरेलाई गृह मन्त्रालयमा फिर्ता बोलाएर उहाँको ठाउँमा सङ्खुवासभाका प्रमुख जिल्ला अधिकारी इश्वरीप्रसाद अर्याललाई खटाइएको छ।

गृह मन्त्रालयका अनुसार कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायब महानिरीक्षक (डिआइजी) विनोद घिमिरेलाई प्रहरी प्रधान कार्यालय, काठमाडौँ पठाइएको छ। प्रहरी प्रधान कार्यालयमा कार्यरत डिआइजी शेखर खनाललाई कोशी प्रदेश प्रहरी कार्यालय पठाउने निर्णय गरिएको छ। जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख, प्रहरी उपरीक्षक(एसपी) केशव थेवेलाई भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल खटाइएको छ। थेवेको स्थानमा उक्त विमानस्थलमा कार्यरत एसपी पुष्पराज मल्ललाई खटाइएको छ।

यस्तै, सशस्त्र प्रहरी बल नेपालका एसपी श्यामकुमार कार्कीलाई फिर्ता बोलाएर प्रधान कार्यालयमा कार्यरत एसपी लवकुमार सापकोटालाई पठाउने निर्णय गरेको छ।

साथै, सशस्त्र प्रहरी बल नेपाल कप्तानगञ्जमा कार्यरत प्रहरी नायब उपरीक्षक (डिएसपी) नन्दकिशोर महतोलाई पनि फिर्ता बोलाइएको छ। उहाँको ठाउँमा सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय, काठमाडौँमा कार्यरत डिएसपी मदन नाथलाई पठाइएको छ। सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा आइतबार राति दुई समूहबीच भएको झडपमा एक जनाको निधन भएको थियो। घटनामा परेर नौ जना सर्वसाधारण, १० जना नेपाल प्रहरी र पाँच जना सशस्त्र प्रहरी गरी २४ जना घाइते हुनुभएको थियो। घटनाको विषयमा छानबिन गर्न गृह मन्त्रालयका सहसचिव भूपेन्द्र थापाको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ। समितिले एक साताभित्रमा प्रतिवेदन बुझाउने छ।

घटनापछि थप समस्या उत्पन्न हुन नदिन जिल्ला प्रशासन कार्यालय सुनसरीले देवानगञ्ज र हरिनगर गाउँपालिकाका केही क्षेत्रमा सोमबार बिहान ७:०० बजेदेखि अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ।

## सिसिटिभी फुटेजका आधारमा कारबाही गर्न माग

वीरगञ्ज। नारायणी अस्पतालमा शनिबार भएको घटनाको सम्बन्धमा सिसिटिभी फुटेजको आधारमा अराजक व्यक्तिको पहिचान गरी कारबाही गर्नुपर्ने माग अस्पताल प्रशासनले गरेको छ। अस्पतालले सोमबार विज्ञप्ति जारी गर्दै उक्त दिनको सिसिटिभी फुटेज सम्बन्धित निकायमा पठाइसकिएको जनाउँदै अराजक व्यक्तिहरूको पहिचान गरी आवश्यक कानुनी कारबाही गर्न अनुरोध गरेको हो।

शनिबार वीरगञ्ज महानगरपालिका-२५ निवासी ४५ वर्षीय राजकुमार पटेलको उपचारका क्रममा मृत्यु भएपछि निजका परिवारका सदस्य तथा आफन्तले उपचारमा लापरबाही भएको आरोप लगाउँदै आकस्मिक कक्षमा कार्यरत मेडिकल अफिसर डा प्रमोद राममाथि आक्रमण गर्दा उहाँ गम्भीर घाइते हुनुभएको छ। अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीको अथक प्रयासका बाबजुत पनि पटेलको उपचारका क्रममा मृत्यु भएको अस्पताल प्रशासनले जनाएको छ। पटेलको मृत्यु पश्चात् अस्पताल प्रशासन र पीडित पक्षबीच सम्वाद र छलफल हुँदै गर्दाको अवस्थामा केही अराजक व्यक्तिहरूबाट अस्पतालको भौतिक संरचना तोडफोड गर्नुका साथै चिकित्सकमाथि आक्रमण गरेपछि सृजना भएको घटनाका बारेमा छानबिन गरी कारबाही गर्नुपर्ने माग गरिएको छ।

चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि साङ्घातिक आक्रमण हुनुका साथै आकस्मिक विभागमा कार्यरत डा रामलाई मरणासन्न हुने गरी कुटपिट गरेको जनाउँदै हाल उहाँको उपचार भइरहेको विज्ञप्तिमा उल्लेख गरिएको छ। उक्त घटनापश्चात् अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मी मानसिक र शारीरिक रूपमा भयभित भई सेवा प्रवाह गर्न सक्षमता नदेखाइरहेकाले अस्पतालको सम्पूर्ण विभागको सेवा अवरुद्ध भएको विज्ञप्तिमा उल्लेख छ।

## बेसबल टोली जापान जाँदै

काठमाडौँ। बत्तीसौँ विश्व चिल्ड्रेन्स बेसबल फेयरमा सहभागी हुन पाँच खेलाडीसहित छ सदस्यीय नेपाली टोली बुधबार जापानको नारिता जाने भएको छ। वर्ल्ड चिल्ड्रेन्स बेसबल फाउन्डेसनको आयोजनामा यही जुलाई ३० देखि अगष्ट ७ तारिखसम्म हुने फेयरमा अभिनय श्रेष्ठ, सङ्ख्य पौडेल, युएल रोक्का, भूमिका खड्का र खुशी श्रेष्ठले सहभागिता जनाउने छन्।

फेयरमा नेपालसहित १४ राष्ट्रको सहभागिता रहने छ। फेयरका दौरान सहभागीले क्लिनिकमा भाग लिनुका साथै निप्पोन प्रोफेसनल बेसबल गेमको अवलोकन गर्ने अवसर पनि पाउने छन्। खेलाडीले विभिन्न राष्ट्रका खेलाडीसँग मिलेर मैत्रीपूर्ण प्रतियोगिता खेल्ने छन्।

नेपाल बेसबल तथा सफ्ट सङ्घका अध्यक्ष दीपक न्यौपानेले सहभागीको सम्पूर्ण खर्च फाउन्डेनसनले प्रायोजन गरेको बताउनुभयो।

## सम्पादकीय ....

### जलनतर्फ पनि ध्यान दिनुपर्ने

नेपालमा हुने जलनका घटनामध्ये करिब ६० प्रतिशत आगो, २५ प्रतिशत तातो तेल वा पानी र १५ प्रतिशत विद्युतीय कारणबाट हुने गरेको छ। यसमा ९० प्रतिशत जलनका घटना ग्रामीण क्षेत्रमा देखिएका छन्। शरीरका बाहिरी भाग जल्दा २० देखि २५ प्रतिशत र श्वास नली जल्दा ६० प्रतिशतभन्दा बढी मृत्युदर छ। पर्याप्त स्रोतसाधन, सघन उपचार कक्ष, विशेषज्ञ जनशक्ति भए यो मृत्युदर कम गर्न सकिन्छ तर सबै ठाउँमा सुविधासम्पन्न र प्रविधियुक्त बर्न अस्पतालको व्यवस्था नहुँदा र जलनमा पर्नेबित्तिकै उपचारको पहुँच नहुँदा यसो समस्या जटिल बन्दै गएको छ। गम्भीर बिरामीलाई थप उपचारका लागि भारत लैजानुपर्ने अवस्था छ।

२०८१ साउनमा राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद बिन्दवासिनी कंसाकारसहित १४ सांसदले 'मानव शरीर जलन नियन्त्रण तथा सजाय सम्बन्धमा एकीकृत कानुनी व्यवस्था गर्न बनेको गैरसरकारी विधेयक, २०८१ संसद् सचिवालयमा दर्ता गराएका थिए। विधेयकमा जलनका आपराधिक घटनामा संलग्न व्यक्तिलाई सजायको प्रस्ताव छ भने प्राकृतिक जलनका घटनालाई न्यूनीकरणको प्रयासबारे उल्लेख गरिएको छ। कानुन अभावमा जलनपीडितलाई थप पीडा भएको, पीडित धेरै जसो विपन्न वर्ग र पिछडिएका क्षेत्रका हुने भएकाले विशेष आर्थिक राहत कोषको व्यवस्था गर्नुपर्ने विधेयकमा उल्लेख छ। गत भदौ २७ गतेको प्रतिनिधि सभा विघटनसँगै सो विधेयक निष्क्रिय भएकाले यस सम्बन्धमा कानुनको समेत अभाव छ। अन्य संरचनागत र प्रविधि व्यवस्थापन नहुँदा जलनका बिरामी प्रभावित भइरहेका छन्।

अहिले देशभरका आठ वटा अस्पतालमा मात्र जलनको उपचार हुन्छ। तीमध्ये चार वटा अस्पताल त काठमाडौंमा छन्। जलनका घाइतेको पूर्ण उपचार कीर्तिपुर, सुषमा कोइराला मेमोरियलमा हुन्छ। त्रिवि शिक्षण (टिचिङ), पाटन र वीर अस्पतालमा सामान्य जलनको मात्र उपचार हुन्छ। त्यहाँ चारदेखि छवटा शय्यासहित जलन विभाग छुट्याइएको छ। दुर्गमका नागरिकलाई जलनको उपचार गराउन सास्ती छ। देशभर १८ वटा अस्पतालमा बर्न वार्ड छन् तर बर्न शय्याका लागि दक्ष जनशक्ति, प्लास्टिक सर्जन, प्रशिक्षित नर्स र आवश्यक उपकरण अभाव हुँदा जलनका बिरामीले उपचारको सुनिश्चितता पाउन सकेका छैनन्। जलनमा परेपछि काठमाडौं आउनेमध्ये ९० प्रतिशतभन्दा बढी बिरामी काठमाडौं बाहिरका हुने कीर्तिपुर बर्न अस्पतालले जनाएको छ। तत्काल प्राथमिक उपचार नपाउँदा बिरामीको अवस्था जटिल हुन गई उपचारमा थप सास्ती हुन्छ। जसका कारण जलन भएका बिरामीमध्ये एक सय जनामा २२ देखि २५ जनाको मृत्यु हुने गरेको छ। कीर्तिपुरको बर्न अस्पताललाई जलनको प्रमुख अस्पतालका रूपमा विस्तार गर्न सरकारबाट विशेष पहल हुनु आवश्यक छ। आगलागीका घटनामा गम्भीर घाइते भएकाले प्राथमिक उपचार नपाउँदा अवस्था जटिल बन्दै जान्छ। यस्तो अवस्थामा नेपालमा उपचारसमेत सम्भव नहुने चिकित्सक बताउँछन्। जलनबाट प्रभावितको उद्धारका लागि प्राथमिक उपचारको व्यवस्था प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु जरुरी छ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


## संरक्षण र रेखदेखको पर्खाइमा रहेका विमानस्थल

**राम थापा**

बिना व्यावसायिक योजना निर्माण गरिएका कतिपय विमानस्थल सञ्चालनमा आउन नसक्दा राज्यको करोडौँ लगानी प्रतिफलविहीन बनेको छ। मुलुकका केही विमानस्थल निर्माणमा तदारुकता देखिएपनि तिनको सञ्चालन र दिगोपनामा भने सम्बद्ध पक्षको ध्यान नपुग्दा अलपत्र अवस्थामा छन्। ती कतिपय विमानस्थल सञ्चालनमा नआउँदै जीर्णमा पुगेका छन् भने बनेका संरचनाको उचित संरक्षण र रेखदेखको पर्खाइमा रहेको पाइएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणको पछिल्लो प्रतिवेदनअनुसार गण्डकी प्रदेशका चार विमानस्थल बन्द अवस्थामा छन्। बागलुङको बलेवा, ढोरपाटन, गोरखाको पालुङटार र मनाङको हुम्डे विमानस्थल सञ्चालनमा आउन सकेको छैन। लामो समयदेखि बन्द अवस्थामा रहेका ती विमानस्थल पुनःसञ्चालनमा ल्याउन धावनमार्ग कालोपत्रलगायत पूर्वाधार निर्माणमा करोडौँ लगानी भएको छ।

सरकारले बलेवा, हुम्डेलगायत बन्द अवस्थामा रहेका विमानस्थललाई प्याराग्लाइडिङ, स्काइडाइभिङलगायत साहसिक खेलस्थलका रुपमा विकास गर्ने लक्ष्य लिएपनि त्यसले पनि सार्थकता पाउन सकेको छैन। प्राधिकरणले पाँच वर्षअघि रु आठ करोड २४ लाख खर्चेर बागलुङ नगरपालिका-१४ स्थित बलेवा विमानस्थलको धावनमार्ग कालोपत्र गरेको थियो।

विसं २०२२ मा बनेको उक्त विमानस्थल पोखरा-बागलुङ सडक बनेपछि विसं २०४८ मा आएर बन्द भएको थियो। २६ वर्षपछि विसं २०७४ चैत ९ गतेदेखि पुनःसञ्चालनमा ल्याइएकामा फेरि पनि निरन्तरता पाउन सकेन। केही समय नेपाल र तारा एयरलाइन्सको टुइनटर विमानले हप्ताको दुई दिन उडान गरेका थिए।

उन्नाइस सिट क्षमताका जहाजमा १२ भन्दा कम यात्रु भए बागलुङ नगरपालिकाले भार ब्यहोर्ने गरी नागरिक उड्ययन प्राधिकरण, विमान कम्पनी र नगरपालिकाबीच सम्झौता भएको थियो। पछि यात्रु पनि घट्ने र नगरपालिकालाई आर्थिक बोझ पनि थपिँदै गएपछि विमान सेवा बन्द हुन पुगेको हो।

प्राधिकरणले विमानस्थलको ७०० मिटर लम्बाइ र ३० मिटर चौडाइको धावनमार्ग कालोपत्र गरेको छ। जसमा साना तथा मझौला जहाजले उडान भर्न सक्छन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा गठित परामर्शदाता समूहले केही वर्षअघि बलेवा विमानस्थलको स्थलगत अवलोकनसमेत गरेको थियो।

धावनमार्ग, टावर र भौतिक पूर्वाधारको अवलोकन गरेपछि उक्त अध्ययन समूहले टावर नियन्त्रण गर्ने कर्मचारी, विमान कम्पनी र यात्रु भएमा जनुसुकै बेला विमानस्थल सञ्चालनमा ल्याउन सकिने अवस्थामा रहेको औँल्याएको थियो। नगरपालिकाका उपप्रमुख राजु खड्काले विमानस्थलको वैकल्पिक प्रयोग गर्ने विषयमा चर्चा चलेपनि कुनै ठोस योजना बन्न नसकेको बताउनुभयो।

"विमानस्थल सञ्चालन गर्ने वा वैकल्पिक प्रयोग गर्ने भन्ने विषयमा सङ्घ सरकारको ठोस निर्णय र योजना चाहिन्छ, यसमा आवश्यक समन्वय र सहजीकरण गर्न नगरपालिका सँधै तयार छ", उहाँले भन्नुभयो, "राज्यको लगानी खेर जान दिनुहुँदैन, कुनै न कुनै रुपमा विमानस्थललाई उपयोगमा ल्याउनुपर्छ।" नियमित उडानको सुनिश्चितता, भाडादर समायोजन र विमानस्थलसम्म पुग्ने सडकस्तरीय हुन सकेमा विमानस्थल चलाउन सकिनेमा स्थानीय जनप्रनिनिधि विश्वस्त छन्।

बागलुङ-१ मालढुङ्गादेखि विमानस्थल जोड्ने कालीगण्डकी करिडोरको १० किमि सडक अहिले कालोपत्र भइरहेको छ। उक्त खण्ड कालोपत्र हुँदासाथ विमानस्थलसम्म राष्ट्रिय राजमार्गको सहज पहुँच पुग्छ। नगरपालिकाले विमानस्थल सञ्चालनमा ल्याउन पटकपटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आएको छ।

मनाङको मनाङ ङिस्याङ गाउँपालिकामा रहेको हुम्डे विमानस्थलको धावनमार्ग कालोपत्र भएको पनि डेढ दशक बित्न लाग्यो। प्राधिकरणले विसं २०६९ मा रु नौ करोड खर्चेर हुम्डेमा विमानस्थलको धावनमार्ग कालोपत्र गरेको थियो। धावनमार्ग कालोपत्र भएपछि विसं २०७६ भदौमा समिट एयरको विमानले सो विमानस्थलमा परीक्षण उडान गरेको थियो।

परीक्षण उडान सफल भएपछि नियमित उडान हुनेमा आशावादी रहेका मनाङवासीमा अहिले त्यो उत्साह पाइदैन। गाउँपालिकाका अध्यक्ष कान्छा घलेले विमानस्थल सञ्चालनमा पहल गरिएपनि वायुसेवा कम्पनीले रुचि नदेखाएको बताउनुभयो। "विमान कम्पनीलाई उडानमा आकर्षित गर्न गाउँपालिकाले पनि केही बजेट विनियोजन गर्दै आएको थियो, यस वर्षदेखि हामीले बजेट पनि राख्न छोड्यौँ", उहाँले भन्नुभयो, "विमानस्थल अलपत्र अवस्थामा छ, राज्यका निकायले यसमा कुनै चासो दिएका छैनन्।"

विसं २०३९ देखि विसं २०६८ सम्म नियमित सञ्चालनमा रहेको विमानस्थल त्यसयता बन्द अवस्थामा रहेको अध्यक्ष घलेले बताउनुभयो। यसबीच धावनमार्ग कालोपत्रदेखि अन्य पूर्वाधारमा लगानी गरिएपनि त्यो त्यसै खेर गएको छ। मनाङमा सडक आउनुअघि स्थानीयवासी जहाजबाटै आवातजावात गर्ने गर्थे। विसं २०६९ मा मनाङ सदरमुकाम चामेमा सडक पुगेपछि विमानस्थल बन्द भएको थियो। गोरखाको पालुङटार नगरपालिकाका प्रमुख विवश चिन्तनले पालुङटार विमानस्थलको स्तरोन्नति गरी सञ्चालनमा ल्याउने सरकारको योजना अलपत्र परेको बताउनुभयो। पालुङटार विमानस्थललाई हवाई तालिम केन्द्र या अन्य कुनै वैकल्पिक प्रयोगमा ल्याउनु उपयुक्त हुने उहाँको भनाइ छ। काठमाडौँ-पोखरा जोड्ने पृथ्वी राजमार्ग स्तरोन्नति भइरहेकाले यस क्षेत्रमा सडक यातायात सेवा नै बढी प्रभावकारी हुने देखिएको उहाँले बताउनुभयो। मुग्लिन-पोखरा सडक अहिले चार लेनमा विस्तार भइसकेको छ। काठमाडौँ-मुग्लिन सडक स्तरोन्नतिको चरणमा छ। विसं २०१८ मा सञ्चालनमा आएको पालुङटार विमानस्थल विसं २०३५ देखि बन्द छ। पृथ्वी राजमार्ग बनेपछि उक्त विमानस्थल बन्द भएको थियो। विमानस्थलको धावनमार्ग, घेराबारलगायत पूर्वाधारका काममा सरकारले करोडौँ लगानी गरेपनि विमानस्थल सञ्चालनमा आउन सकेको छैन। देशको एकमात्र सिकार आरक्ष रहेको बागलुङको ढोरपाटन उपत्यकामा रहेको ढोरपाटन विमानस्थल पनि दशकौँदेखि बन्द अवस्थामा छ।

विमानस्थलको धावनमार्ग गौचरणमा फेरिएको छ। विमानस्थल क्षेत्रलाई घेराबार गरेर सुरक्षित भने गरिएको छ। प्राधिकरणका अनुसार पूर्वाधारतर्फ हुम्डेमा रु दस करोड, पालुङटारमा रु सात करोड, बलेवामा रु १२ करोड र ढोरपाटन विमास्थलमा रु दुई करोड खर्च भएको छ। सडक नहुँदा यात्रु ओसारपसार र सामान ढुवानीका लागि प्रभावकारी बनेका विमानस्थल अहिले प्रयोगविहीन अवस्थामा छन्।

## आरोग्य पर्यटन प्रवर्द्धनका लागि समझदारीपत्रमा हस्ताक्षर

काठमाडौँ। नेपालको आरोग्य पर्यटन प्रवर्द्धनका लागि ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान) र 'नेपाल इन बिजनेस (एनआइबी)बीच समझदारीपत्रमा हस्ताक्षर भएको छ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा तयार गरी लागू गरिएको राष्ट्रिय आरोग्य पर्यटन कार्ययोजना (सन् २०२६ देखि २०३० सम्म)ले पहिचान गरेका रणनीतिक आरोग्य गन्तव्यहरूमध्ये उच्च हिमाली क्षे त्रअन्तर्गत पदयात्रा गन्तव्यमा आरोग्य पदयात्रा परिपथको विकास, प्याकेजिङ तथा प्रवर्द्धन गर्ने उद्देश्यका साथ आइतबार उक्त समझदारीपत्रमा हस्ताक्षर भएको हो।

बेलायतको अन्तरराष्ट्रिय विकास नियोगको आर्थिक सहयोगमा दाई ग्लोबल युकेद्वारा सञ्चालित एनआइबीले राष्ट्रिय आरोग्य पर्यटन रणनीति निर्माण गर्न तथा सोको कार्यान्वयनका लागि नेपाल सरकार र व्यवसायीसँग सहकार्य गरी काम गर्दै आइरहेको छ। नेपाललाई उत्कृष्ट अन्तरराष्ट्रिय आरोग्य गन्तव्यका रुपमा स्थापित गर्ने महत्वकांक्षी लक्ष्यअनुरुप नेपाल सरकारको अग्रसरतामा संयुक्त राष्ट्रसङ्घले १५ अप्रिललाई अन्तरराष्ट्रिय आरोग्य दिवसका रूपमा घोषणा गरिसकेको छ भने नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमार्फत सन् २०२७ लाई नेपाल आरोग्य वर्षका रूपमा मनाउने अभियानको घोषणा गरिसकेको छ। समझदारीपत्रबमोजिम राउन्ड अन्नपूर्ण पदयात्रा परिपथलाई आरोग्य पदयात्रा परिपथका रूपमा ब्रान्डिङ र प्याकेजिङ गरी प्रवर्द्धन गरिनेछ। जसअन्तर्गत अन्नपूर्ण पदयात्रा परिपथमा रहेका आरोग्य पर्यटनका चारवटा मुख्य वस्तु तथा सेवा जस्तै, योग तथा ध्यान, आध्यात्मिक तथा प्राकृतिक उपचार, आयुर्वेद तथा सोवा रिग्पा र स्पा तथा मसाजलगायतका स्रोतको सूची तयार गरी सम्भाव्य आरोग्य उत्पादन तथा क्रियाकलापको पहिचान गरी ब्रान्डिङ गरिने टानका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र सेढाईंले जानकारी दिनुभयो।


**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

नेपाल सरकार,
विज्ञापन वोर्ड

# मिडिया काउन्सिल विधेयकलाई समयानुकूल बनाउनुपर्नेमा जोड

काठमाडौं । सूचना तथा सञ्चार मन्त्रालयले मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न तयार पारिएको विधेयकको मस्यौदामाथि विस्तृत छलफल गरेको छ ।

छलफलमा बदलिँदो सञ्चार परिवेश, डिजिटल पत्रकारिताको विस्तार, प्रेस स्वतन्त्रता, पत्रकारिताको विश्वसनीयता तथा प्रभावकारी नियामकीय संयन्त्र निर्माणका विषयमा गहन विमर्श भएको हो ।

छलफलका क्रममा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले लोकतान्त्रिक समाजमा स्वतन्त्र, जिम्मेवार र विश्वसनीय पत्रकारिता प्रवर्द्धन गर्न सञ्चार क्षेत्रका लागि बलियो र प्रभावकारी नियामक निकाय आवश्यक रहेको बताउनुभयो । आमसञ्चार क्षेत्रलाई थप व्यावसायिक, उत्तरदायी र सबल बनाउन सरकारले गर्नुपर्ने नीतिगत सहजीकरणसँगै नियमन गर्ने निकायको भूमिका पनि समयअनुकूल र प्रभावकारी हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले पत्रकारिताको मूल्य, मान्यता र आचार-संहिताभन्दा बाहिर गएर हुने गतिविधिलाई कसरी नियन्त्रण तथा नियमन गर्न सकिन्छ भन्ने विषयमा विधेयकले स्पष्ट व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । अहिलेको प्रेस काउन्सिलको तुलनामा प्रस्तावित मिडिया काउन्सिलको क्षेत्राधिकार कसरी थप प्रभावकारी, सक्षम र नियामकीय रूपमा बलियो बनाउन सकिन्छ भन्ने विषयमा पर्याप्त गृहकार्य गरेर मात्र अन्तिम निष्कर्षमा पुग्नुपर्ने उहाँले बताउनुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रता लोकतान्त्रिक व्यवस्थाका आधारभूत अधिकार भए पनि ती अधिकार जिम्मेवारी सँग जोडिएर आउने भएकाले स्वतन्त्रता र उत्तरदायित्वबीच उचित सन्तुलन कायम गर्नुपर्ने धारणा राख्नुभयो । प्रेस स्वतन्त्रताको संरक्षणसँगै सत्यतथ्य, निष्पक्ष र विश्वसनीय पत्रकारिताको विकास कसरी गर्न सकिन्छ भन्ने विषयलाई विधेयकले समेट्नुपर्ने उहाँको भनाइ छ ।

सञ्चारमन्त्री तिमिल्सिनाले पछिल्लो समय सञ्चारमाध्यमप्रति नागरिकको विश्वास केही कमजोर बन्दै गएको सन्दर्भ उल्लेख गर्दै पत्रकारिताको विश्वसनीयता अभिवृद्धि गर्न प्रभावकारी स्वनियमन, आचारसंहिताको पालना तथा उत्तरदायी पत्रकारिता प्रवर्द्धन आवश्यक रहेको बताउनुभयो । त्यसका लागि मिडिया काउन्सिलले केवल दण्डात्मक भूमिका नभई पत्रकारिता क्षेत्रको गुणस्तर अभिवृद्धि गर्ने संस्थाका रूपमा पनि काम गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

डिजिटल पत्रकारिताको तीव्र विस्तारसँगै त्यसको नियमनसम्बन्धी चुनौती पनि बढ्दै गएको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले डिजिटल पत्रकारिता, अनलाइन माध्यम (प्लेटफर्म) तथा नयाँ सञ्चार माध्यमलाई समेत प्रभावकारी रूपमा नियमनको दायराभित्र ल्याउनेगरी विधेयक मस्यौदा तयार पारिने जानकारी दिनुभयो । डिजिटल साक्षरता (डिजिटल लिट्रेसी) अभिवृद्धिका कार्यक्रमलाई पनि मिडिया काउन्सिलको जिम्मेवारीभित्र राखी प्राथमिकता दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले गलत सूचना, भ्रामक सामग्री र अपुष्ट समाचारको चुनौतीलाई मध्यनजर गर्दै तथ्य परीक्षण (फ्याक्ट चेकिङ) का लागि 'कस्तो संयन्त्र आवश्यक पर्छ' र त्यसमा मिडिया काउन्सिलले 'कस्तो भूमिका निर्वाह गर्न सक्छ' भन्ने विषयलाई पनि विधेयकमा समेटिने जानकारी दिनुभयो ।

डिजिटल युगमा सूचना प्रवाहको गति तीव्र भएकाले विश्वसनीयता कायम राख्न तथ्य परीक्षण प्रणाली अपरिहार्य बन्दै गएको उहाँको भनाइ छ । सञ्चारमन्त्री तिमिल्सिनाले प्रस्तावित मिडिया काउन्सिलको सञ्चालक समिति कस्तो हुने, त्यसको संरचना, प्रतिनिधित्व तथा कार्यसम्पादन क्षमता कस्तो हुने भन्ने विषयमा पनि गम्भीर अध्ययन र पर्याप्त गृहकार्य गरिने बताउनुभयो । संस्थागत रूपमा सक्षम, स्वायत्त र उत्तरदायी परिषद् निर्माण गर्न विधेयकमा स्पष्ट कानुनी आधार राखिने उहाँको भनाइ छ । सूचना तथा सञ्चार मन्त्रालयका अनुसार पत्रकारिता क्षेत्रमा पेसागत तथा व्यावसायिक आचरण कायम राख्न, स्वनियमनलाई प्रवर्द्धन गर्न तथा स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास एवं संरक्षण गर्ने उद्देश्यले स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिलको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था गर्न प्रचलित कानुन संशोधन तथा एकीकरण आवश्यक देखिएको छ । छलफलका क्रममा सहभागीहरूले विद्यमान प्रेस काउन्सिल नेपालको नामलाई यथावत राखेर पुरानो ऐन संशोधन गर्ने तयारी हो वा नयाँ मिडिया काउन्सिल स्थापना गरी नयाँ कानुन ल्याउन लागिएको हो भन्ने विषयमा स्पष्ट हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । यससँगै परिषद्को गठन, संरचना, काम, कर्तव्य, अधिकार तथा नियामकीय दायराका विषयमा पनि विस्तृत छलफल भएको थियो । सहभागीहरूले परिवर्तित सञ्चार परिवेशमा पत्रकारिता क्षेत्रलाई कसरी थप जिम्मेवार, व्यावसायिक र प्रभावकारी बनाउन सकिन्छ तथा त्यसका लागि नियामकीय संयन्त्रलाई कसरी सुदृढ बनाउने भन्ने विषयमा सुझाव दिनुभयो । कुनै एक सञ्चारमाध्यमबाट साभार गरिएका वा 'इम्बेड' गरिएको सामग्रीलाई समेत आवश्यक कानुनी व्यवस्थासहित नियमनको दायराभित्र ल्याउनुपर्ने विषयमा पनि छलफल भएको थियो ।

# झापामा स्थानीय तहको संख्या हेरफेरबारे सर्वपक्षीय छलफल सुरु

भद्रपुर । स्थानीय तहको सङ्ख्या तथा सिमाना हेरफेर गर्ने सम्बन्धमा जिल्ला स्तरीय पुनरावलोकन अध्ययन समिति झापाले पहिलो चरणको सर्वपक्षीय छलफल सुरु गरेको छ ।

जिल्ला समन्वय समितिको सभाहलमा सोमबार आयोजित छलफलमा झापाका स्थानीय तहका प्रमुख तथा उपप्रमुख, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष, राजनीतिक दलका प्रतिनिधि, प्रमुख जिल्ला अधिकारीलगायत सरोकार भएका निकायका प्रतिनिधिको सहभागिता थियो ।

छलफलका क्रममा वक्ताहरूले नेपाल सरकारले जारी गरेको स्थानीय तह पुनरवलोकनसम्बन्धी मापदण्ड संशोधन गर्नुपर्ने धारणा राख्नुभएको छ । यसअघि जिल्ला समन्वय अधिकारी अमृतबहादुर राईले सरकारले जारी गरेको मापदण्डबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

छलफलमा विभिन्न राजनीतिक दलले स्थानीय तहको सिमाना र सङ्ख्याका विषयमा फरकफरक धारणा सार्वजनिक गरेका छन् । हाल झापामा आठ नगरपालिका र सात गाउँपालिका गरी १५ स्थानीय तह छन् ।

सहभागीहरूले स्थानीय तहको सङ्ख्या तथा सिमाना हेरफेर गर्दा बृहत् राजनीतिक सहमति आवश्यक रहेको बताएका छन् ।

पुनरावलोकन अध्ययन समितिका संयोजक तथा जिल्ला समन्वय समितिका प्रमुख विश्वराज बरालले नेपाल सरकारले तय गरेको मापदण्डअनुसार जिल्लाका १५ वटै स्थानीय तह, राजनीतिक दल, समाजका अगुवा, सामाजिक सङ्घसंस्था तथा आमसर्वसाधारणबाट प्राप्त सुझाव समेटेर समिति अगाडि बढ्ने बताउनुभयो । पुनरावलोकनसम्बन्धी मापदण्डअनुसार सिमाना हेरफेरका लागि सम्बन्धित स्थानीय तहमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको दुई तिहाइ बहुमत आवश्यक पर्ने व्यवस्था छ । त्यस्तै, पालिका गाभ्ने (मर्ज) प्रस्ताव साधारण बहुमतबाट पारित गरी प्रदेश सरकारमा सिफारिस गर्नुपर्ने र प्रदेश सरकारले त्यस्तो सिफारिस प्राप्त भएको १५ दिनभित्र सङ्घ सरकारलाई पठाउनुपर्ने कानुनी व्यवस्था रहेको छ ।

# पिआर लिएका दुई नापी अधिकृतलाई कारबाही

काठमाडौं । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विदेशी मुलुकको स्थायी आवासीय अनुमति (पिआर) लिएर लामो समयदेखि कार्यालयमा अनुपस्थित रहेका दुई कर्मचारीसँग स्पष्टीकरण माग गरेको छ ।

मन्त्रालयले एक सूचना जारी गर्दै बिदा समाप्त भएपछि आफ्नो पदाधिकार रहेको कार्यालयमा हाजिर नभई विदेशमै बसोबास गरिरहेकाले उहाँहरूमाथि कानुनी प्रक्रिया अघि बढाएको हो । मन्त्रालयले उहाँहरूलाई विगतमा सफाई पेश गर्न १५ दिनको म्याद दिएको थियो ।

उक्त अवधिभित्र उहाँहरूले पेश गरेको सफाई सन्तोशजनक नदेखिएकाले दोस्रो पटकका लागि ३० दिनको म्याद दिई स्पष्टीकरण सोधिएको मन्त्रालयले जनाएको छ ।

उहाँहरूले विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको पाइएको मन्त्रालयको सूचनामा उल्लेख छ । सूचनाअनुसार दुई जना कर्मचारी नापी अधिकृत हुन् । निजामती कर्मचारीले पदमा बहाल रहँदै विदेशी मुलुकको आवासीय अनुमति लिन वा सोका लागि आवेदन समेत दिन नपाइने कानुनी व्यवस्था छ ।

स्वीकृत बिदा समाप्त भएपछि ३० दिन भित्र कार्यालयमा उपस्थित हुनुपर्नेमा अनुपस्थित रही निजामती सेवा ऐनविपरीतको कार्य गरेकोले उहाँहरूलाई स्पष्टीकरणको सोधिएको हो । मन्त्रालयका अनुसार निजामती सेवा ऐन, २०४९ बमोजिम उहाँहरूलाई भविष्यमा सरकारी सेवाका लागि समेत अयोग्य ठहरिने गरी कारबाही अघि बढाउनुपर्ने अवस्था देखिएकाले ३० दिनभित्र चित्त बुझ्दो आधार र प्रमाणसहित सफाइ पेश गर्न भनिएको छ ।

मन्त्रालयले कार्यालयमा अनुपस्थित भई विदेशमा बसोबास गरिरहेका तथा लामो समयदेखि सम्पर्कविहीन रहेका अन्य कर्मचारीहरूको अवस्थाबारे समेत अध्ययन तथा खोजी कार्यलाई तीव्रता दिएको छ ।

# सरकारी वार्ता टोली र डा केसीबीच सात बुँदे सहमति, अनशन तोडियो

सुदूरपश्चिम । सरकारी वार्ता टोली र कैलालीको धनगढीमा विगत पाँच दिनदेखि अनशनरत डा गोविन्द केसीबीच सात बुँदे सहमति भएको छ ।

दुई दिनदेखि लगातार भइरहेको वार्तापछि सोमबार डा केसीसँग सम्झौता भएपछि उहाँ अनशन तोड्न सहमत हुनुभएको हो । सात बुँदे सहमतिपत्रमा प्रतिनिधिसभा सदस्य पुकार बम, प्रधानमन्त्री वालेन्द्र शाहका स्वास्थ्य सल्लाहकार प्राडा जगदिशप्रसाद अग्रवालको रोहबरमा डा केसी तथा सरकारका तर्फबाट शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चूडामणि पौडेल, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा विकास देवकोटा, शिक्षा मन्त्रालयका सहसचिव चन्द्रकान्त भुसालले हस्ताक्षर गर्नुभएको छ ।

सरकारद्वारा गठित वार्ता टोली र डा केसीबीच भएको सहमतिमा कैलालीको गेटास्थित शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई पूर्ण क्षमतामा सञ्चालन देखि चिकित्सा शिक्षा सुधारसम्बन्धी विषय समेटिएका छन् ।

सहमतिअनुसार शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय, गेटालाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक जनशक्ति र पूर्वाधारको व्यवस्था गरिने भएको छ । विश्वविद्यालयलाई राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार कम्तीमा ३०० शय्याको शिक्षण अस्पताल सञ्चालन गर्न दिइने र आवश्यक समन्वय शिक्षा तथा खेलकुद मन्त्रालय र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले गर्ने सहमति भएको छ । यस्तै, विश्वविद्यालयको समस्यालाई सम्बोधन गर्दै पठनपाठन, जनशक्ति भर्ना, पाठ्यक्रमको स्वीकृति तथा आवश्यक शैक्षिक तयारी यथाशीघ्र पूरा गरिने उल्लेख छ । ३०० शय्याको शिक्षण अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति तथा उपकरण व्यवस्थापनको काम तत्काल अघि बढाइने सहमति पनि भएको छ ।

चिकित्सा शिक्षा सुधारका विषयमा पनि सरकारले आवश्यक कानुनी संशोधन प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाइएको छ ।

विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयममा गेटा विश्वविद्यालयसम्बन्धी व्यवस्था समेटी विश्वविदालयका पदाधिकारीको योग्यता, नियुक्तिलगायत विषय समेटी संसद्को चालु अधिवेशनमै पेश गर्ने सहमति भएको छ ।

सहमतिमा राष्ट्रिय चिकित्सा शिक्षा आयोगले चिकित्सा शिक्षा प्रदान गर्ने संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण गर्दा एकीकृत कार्यविधि, २०८३ अनुसार मापदण्ड लागू गर्ने उल्लेख छ । निजी शिक्षण संस्थाको सिट नबढाइने तर सरकारी शिक्षण संस्थाको सिट आवश्यकता अनुसार बढाउन बाधा नपर्ने व्यवस्था कायम रहने र ऐनमा भएको व्यवस्थाअनुसार छात्रवृत्तिसम्बन्धी व्यवस्था यथावत राख्ने सहमति भएको छ ।

यसैगरी, सरकारी स्वामित्वका चिकित्सा शिक्षण संस्थालाई क्रमशः गैरनाफामूलक तथा सेवामूलक संस्थाका रूपमा सञ्चालन गर्ने विषयमा अध्ययन गरी छ महिनाभित्र प्रतिवेदन पेस गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले उच्चस्तरीय कार्यदल गठन गर्न नेपाल सरकारसमक्ष पेस गर्ने सहमति भएको छ । सुदूरपश्चिम लगायत सीमावर्ती क्षेत्रका नागरिकलाई स्वास्थ्य, शिक्षा, यातायात र रोजगारीका लागि सीमापार जानुपर्ने बाध्यता अन्त्य गर्न आवश्यक पूर्वाधार तथा सेवा विस्तारमा सङ्घ र प्रदेश सरकारबीच समन्वय र सहजी-करण गर्ने सहमति पनि भएको छ ।

यस्तै, २०८२ भदौ २३ र २४ गते भएका जघन्य अपराध, आगजनी, लुटपाट तथा विनाशका घटनामा संलग्न दोषीलाई कानुनी कारबाही गर्न र विसं २०४६ देखि हालसम्म उच्च पदस्थ राजनीतिज्ञ र पदाधिकारीबाट भएका भ्रष्टाचार एवं अपराधका घटनाको निष्पक्ष छानबिनमा थप तदारुकता दिने विषय पनि सहमतिपत्रमा समेटिएको छ ।

त्यसैगरी विगतमा भएका सहमति कार्यान्वयनको अवस्थाबारे अध्ययन गरी तीन महिनाभित्र प्रतिवेदन पेस गर्न शिक्षा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, चिकित्सा शिक्षा आयोगको प्रतिनिधित्व रहने गरी कार्यदल गठन गर्ने र यससम्बन्धमा अनुगमनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय का सचिवको संयोजकत्वमा एक अनुगमन समिति रहने सहमतिमा उल्लेख छ ।

गत बिहीबारदेखि अनशनरत डा केसी पक्ष र सरकारी पक्षबीच आइतबारदेखि औपचारिक वार्ता सुरु भएको थियो ।

# संस्कार र संस्कृति जोगाउन संस्कृत शिक्षाको विकास आवश्यक छ : बादेले

बागमती । बागमती प्रदेशका सामाजिक विकासमन्त्री कञ्चनचन्द्र बादेले संस्कार र संस्कृति जोगाउनका लागि संस्कृत शिक्षाको विकास आवश्यक रहेको धारणा राख्नुभएको छ ।

सोमबार हेटौँडा उपमहानगर पालिका-१० स्थित गोरक्षेश्वर दिव्यधाम, राप्तीघाट स्थित संस्कृत वेद विद्यालयको स्थलगत निरीक्षणपश्चात् आयोजित कार्यक्रममा उहाँले असल संस्कार र संस्कृति हराउँदै जाँदा त्यसले समाजलाई नकारात्मक दिशातर्फ लैजाने भएको यसको संरक्षण र सम्वर्द्धनमा सबैले सहकार्य र समन्वय गर्नुपर्ने कुरामा समेत जोड दिनुभयो ।

संस्कृत शिक्षा हाम्रा संस्कार र संस्कृतिसँग प्रत्यक्ष जोडिएका बताउँदै उहाँले यसको जगेर्नाका लागि सबैको एकताबद्ध प्रयास आवश्यक हुने धारणा राख्नुभयो ।

सो क्रममा बागमती प्रदेश सरकारबाट विद्यालयको व्यवस्थित सञ्चालनसँगै यहाँको पूर्वाधार विकासका लागि सक्दो सहयोग गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । हेटौँडा-१० का वडाध्यक्ष फुर्वा दोर्जे लामाले उपमहानगर तथा वडाका तर्फबाट विद्यालयमा सहयोग गरिँदै आइएको बताउँदै आगामी दिनमा सहयोगलाई निरन्तरता दिइने विश्वास व्यक्त गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापाले विसं २०५६ मा स्थापित यस विद्यालयमा देशका विभिन्न जिल्लाबाट आएका करिब ५० जना बटुकहरू अध्ययन गर्दै आएका जानकारी दिनुभयो ।

विद्यालयमा ४० जना बटुकहरू आवाशीय रूपमा अध्ययनरत छन् । उहाँले मुट्ठी दानसँगै विभिन्न व्यक्ति एवं संस्थाको सहयोगबाट आवाशीय व्यवस्थापन गर्न सकिएको उल्लेख गर्नुभयो ।

निरीक्षणका क्रममा मन्त्री बादेले अध्यक्ष थापासहित विद्यालयका सल्लाहकार एवं गोरक्षेश्वर धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष उत्तम शर्मा ढकाल लगायतले विद्यालयको स्थापना कालीन अवस्थादेखि वर्तमान समयसम्ममा भएका भौतिक पूर्वाधार विकासबारे जानकारी गराउनुभयो ।

## स्वास्थ्य मन्त्रालयद्वारा नारायणी अस्पतालका सेवा सञ्चालन गर्न अनुरोध

वीरगञ्ज । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले यहाँस्थित नारायणी अस्पतालको सबै सेवा नियमित सञ्चालन गर्न चिकित्सक तथा स्वास्थ्यकर्मीसँग अनुरोध गरेको छ ।

शनिबार अस्पतालमा भएको घटनाको सम्बन्धमा आज मन्त्रालयले आफ्नो धारणा सार्वजनिक गर्दै स्थानीय प्रशासनलाई घटनामा संलग्न दोषी पत्ता लगाइ कानुनी कारबाहीको दायरामा ल्याउनहुन र सर्वसाधारण सबैलाई अस्पतालको संवेदनशिलतालाई बुझेर सेवा निरन्तर हुने वातावरण बनाइदिनु हुन अनुरोध गरेको हो ।

शनिबार वीरगञ्ज महानगर पालिका-२५ निवासी ४५ वर्षीय राजकुमार पटेलको उपचारका क्रममा मृत्यु भएपछि निजका परिवारका सदस्य तथा आफन्तले उपचारमा लापरबाही भएको आरोप लगाउँदै आकस्मिक कक्षमा कार्यरत मेडिकल अफिसर डा प्रमोद राममाथि आक्रमण गर्दा उहाँ गम्भीर घाइते हुनुभएको छ । चिकित्सकमाथि भएको आक्रमणको विरोधमा स्वास्थ्यकर्मीले आकस्मिकलगायत सेवा बन्द गर्दै आएका छन् । मन्त्रालयले भनेको छ, "नारायणी अस्पताल, वीरगञ्जमा उपचारका क्रममा बिरामीको निधन भएको घटनाप्रति मन्त्रालय गहिरो दुःख व्यक्त गर्दछ । साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ । उक्त घटनापछि अस्पतालमा भएको तोडफोड तथा उपचारमा संलग्न चिकित्सक एवं स्वास्थ्यकर्मीमाथि भएको आक्रमणप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।" बिरामीको जीवन बचाउन दिनरात सेवामा खटिने स्वास्थ्यकर्मी बाट कुनै त्रुटि हुन गएमा त्यसको छानबिन गरी कानुनी उपचार र न्यायका लागि प्रचलित कानुन बमोजिम हुने व्यवस्था विद्यमान रहेको जनाउँदै मन्त्रालयले त्यस प्रकारका हिंसाका घटनाप्रति शून्य सहनशीलताको नीति दोहोयाएको छ ।

विज्ञप्तिमा उल्लेख छ, "स्वास्थ्य अत्यन्त संवेदनशील क्षेत्र हो । त्यसैले उपचारमा संलग्न हुने सेवाग्राही र सेवा प्रदायक सबैले यो संवेदनशीलता बुझ्नु जरुरी महत्त्वपूर्ण छ ।

सबै अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई बिरामीको सेवामा निर्भय, सुरक्षित, उच्च मनोबलका साथ निरन्तर सेवामा समर्पित हुने वातावरण बनाउन मन्त्रालय कटिबद्ध छ ।" मन्त्रालयले सबैलाई संयमित हुन र अस्पतालको सेवा नियमित रूपमा सञ्चालन गर्न आफ्नो ठाउँबाट सहयोग गरिदिनुहुन पनि सबैमा अनुरोध गरेको छ ।

## एमाले दाङका पूर्वअध्यक्षको निधनप्रति लुम्बिनीका मुख्यमन्त्रीद्वारा श्रद्धाञ्जली अर्पण

दाङ । लम्बिनी प्रदेशका मुख्यमन्त्री तथा नेकपा (एमाले) का केन्द्रीय सदस्य चेतनारायण आचार्यले एमाले दाङका पूर्वअध्यक्ष तथा दङ्गाली कम्युनिस्ट आन्दोलनका अग्रज नेता शोभाराम बस्नेतको निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ ।

तुलसीपुरस्थित एमाले पार्टी कार्यालयमा पुगेर मुख्यमन्त्री आचार्यले बस्नेतको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाई श्रद्धाञ्जली अर्पण गर्नुभएको हो । उहाँले बस्नेतले दाङको कम्युनिस्ट आन्दोलनलाई स्थापित र सुदृढ बनाउन पुर्याउनुभएको योगदान अविस्मरणीय रहेको बताउँदै उहाँप्रति सम्मान व्यक्त गर्नुभयो । मुख्यमन्त्री आचार्यले बस्नेत निष्ठा, त्याग र समर्पणका प्रतीक नेता भएको उल्लेख गर्दै उहाँको निधनले दाङको सामाजिक, सांस्कृतिक तथा राजनीतिक आन्दोलनसँगै एमालेले अनुभवी अभिभावक गुमाएको बताउनुभयो । लामो समयदेखि मृगौला रोगबाट पीडित बस्नेतको उपचारका क्रममा गएराति राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा निधन भएको हो ।

श्रद्धाञ्जली कार्यक्रमपछि बस्नेतको पार्थिव शरीरलाई शीतलपुर घाटमा अन्त्येष्टि गरिएको छ ।

श्रद्धाञ्जली अर्पणमा पार्टीका नेता, कार्यकर्ता, शुभेच्छुक तथा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

## आदेश भएको दिनको जानकारी विद्युतीय प्रणालीमा हेर्न सकिने

काठमाडौँ । सर्वोच्च अदालतले इजलासबाट हुने आदेशहरू सोही दिन विद्युतीय प्रणालीबाट प्रविष्ट गर्ने व्यवस्थाको आजदेखि शुभारम्भ गरेको छ । अदालतले सेवा प्रवाहलाई छिटो, पारदर्शी, प्रविधिमैत्री तथा सेवाग्राहीमुखी बनाउने उद्देश्यले उक्त सेवा प्रारम्भ गरेको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो । उहाँका अनुसार इजलासको आदेश सोही दिन विद्युतीय माध्यममा प्रविष्ट गर्ने प्रणालीअन्तर्गत रहेको नयाँ व्यवस्था अनुसार इजलासबाट हुने आदेशहरू ( फैसला वा अन्तिम आदेश बाहेकका) सोही दिन अदालतको विद्युतीय प्रणालीमा राखिनेछन् । यसबाट मुद्दाका पक्ष, कानुन व्यवसायी तथा सम्बन्धित निकायले आदेशको जानकारी समयमा प्राप्त गर्न सक्ने जनाउँदै अदालतका प्रवक्ता कोइरालाले यस व्यवस्थाले न्यायिक प्रक्रियालाई थप पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउन महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । अदालतले यस प्रणाली कार्यान्वयनसँगै न्यायमा पहुँच अभिवृद्धि हुने, आदेशको जानकारी प्राप्त गर्न अदालतमा पटकपटक उपस्थित हुनुपर्ने बाध्यता कम हुने, मुद्दाका पक्ष तथा अदालतका कर्मचारीबीच हुने अनावश्यक प्रत्यक्ष सम्पर्क न्यून हुने, सेवाप्रवाहमा पारदर्शिता र जवाफदेहिता बढ्ने तथा आदेशसम्बन्धी सूचनाको समयमा उपलब्धताले न्यायिक प्रक्रियाप्रति नागरिकको विश्वास थप सुदृढ हुने अपेक्षा गरेको छ । त्यसैगरी उक्त प्रणालीमा प्रविष्ट भएका आदेशका आधारमा सम्बन्धित मुद्दाका पक्षहरूले आवश्यक प्रक्रिया पूरा गरी देशभरका कुनै पनि अदालतबाट आदेशको प्रमाणित प्रतिलिपि प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ । यसबाट सेवाग्राहीको समय, श्रम र आर्थिक व्ययमा कमी आउनुका साथै अदालत सम्मको भौतिक पहुँचका कारण उत्पन्न हुने असुविधा न्यूनीकरण हुने अपेक्षा गरिएको छ । यो प्रणालीले अदालतहरूबीचको विद्युतीय अन्तरसम्बन्धलाई थप सुदृढ गर्नुका साथै न्यायिक अभिलेख व्यवस्थापन लाई व्यवस्थित, सुरक्षित र आधुनिक बनाउने, कागजी प्रक्रियामा निर्भरता घटाउने, आदेश कार्यान्वयन प्रक्रियालाई थप सहज बनाउने तथा भविष्यमा न्यायिक सेवाको पूर्ण डिजिटल रूपान्तरणका लागि महत्वपूर्ण आधार तयार गर्ने विश्वास लिइएको अदालतका प्रवक्ता कोइरालाले बताउनुभयो । सूचना प्रविधिको प्रभावकारी प्रयोगमार्फत न्यायपालिकालाई अझ सेवाग्राहीमैत्री, पारदर्शी, उत्तरदायी तथा सहज पहुँचयुक्त बनाउने न्यायपालिकाको निरन्तर प्रयासअन्तर्गत यो व्यवस्था कार्यान्वयनमा ल्याइएको उहाँको भनाइ छ । साथै, यसको प्रभावकारी कार्यान्वयनमा सबै सम्बन्धित निकाय र कर्मचारीको सक्रिय सहयोग आवश्यक रहनुको साथै आगामी दिनमा न्याय प्रशासनमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्दै न्यायिक सेवाको गुणस्तर, प्रभावकारिता तथा नागरिकको न्यायमा पहुँच अभिवृद्धि गर्ने दिशामा थप सुधारात्मक कार्यक्रम कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गरिएको छ ।

## तार हटाउने कामको प्रगतिबारे अनुगमन

काठमाडौँ । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले काठमाडौँ उपत्यकामा वर्षौंदेखि सडकका पोलमा गुजुल्टो परेर लत्रिएका तथा प्रयोगविहीन अवस्थामा रहेका इन्टरनेट, टेलिफोन र टेलिभिजनका तार व्यवस्थापनको प्रगतिबारे आज संयुक्त रूपमा स्थलगत अनुगमन गर्नुभएको छ ।

मन्त्रीद्वयले गौशाला, पुरानो बानेश्वर, जडीबुटीलगायत क्षेत्रमा पुगेर तार व्यवस्थापन कामको निरीक्षण गर्नुका साथै सम्बन्धित निकायका पदाधिकारीसँग प्रगति र देखिएका समस्याबारे जानकारी लिनुभएको हो ।

सरकारले पहिलो चरणमा त्रिपुरेश्वर-कालिमाटी-कलङ्की, जडीबुटी-पेप्सीकोला, त्रिपुरेश्वर-लाजिम्पाट, सामाखुसी-टाउन प्लानिङ-गोँगबु, कीर्तिपुर क्षेत्र तथा पुरानो बानेश्वर-गौशाला-चाबहिल गरी छ वटा रुटमा अव्यवस्थित तथा प्रयोगविहीन तार हटाउने अभियान सञ्चालन गरिरहेको छ ।

अनुगमनका क्रममा सञ्चारमन्त्री डा तिमिल्सिनाले नेपाल दूरसञ्चार प्राधिकरणले यही साउन १५ गतेभित्र पहिलो चरणको काम सम्पन्न गर्ने प्रतिबद्धता जनाए पनि अपेक्षित प्रगति नदेखिएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो । उहाँले नागरिकले प्रत्यक्ष परिणाम महसुस गर्ने गरी निर्धारित समयमा काम सम्पन्न गर्न निर्देशन दिँदै काममा ढिलाइ गर्ने कुनै पनि निकाय वा व्यक्तिलाई छुट नहुने स्पष्ट पार्नुभयो । "साउन १५ भित्र काम सम्पन्न गर्ने प्रतिबद्धता गरिएको थियो, तर अहिलेको प्रगति हेर्दा लक्ष्यअनुसार काम अघि बढेको देखिँदैन । यो समस्या कुनै एक निकायको मात्र होइन, हामी सबैको साझा कमजोरीका कारण सिर्जना भएको हो । अब सबै निकायबीच प्रभावकारी समन्वय गरेर समाधानमा केन्द्रित हुनुपर्छ", सञ्चारमन्त्री तिमिल्सिनाले भन्नुभयो, "नागरिकले परिणाम चाहेका छन्, त्यसैले काममा ढिलाइ गर्ने छुट कसैलाई छैन । निर्धारित समयभित्र काम भए/नभएको निरन्तर अनुगमन हुनेछ र जिम्मेवारी पूरा नगर्ने निकाय तथा व्यक्तिलाई आवश्यक कारबाही गरिनेछ ।"

सञ्चारमन्त्री तिमिल्सिनाले प्रयोगमा नरहेका केबल तत्काल हटाउन निर्देशन दिँदै खम्बामा तार झुण्ड्याउने सेवा प्रदायकले त्यसलाई हटाउने जिम्मेवारी पनि लिनुपर्ने बताउनुभयो । कामका क्रममा कुनै कानुनी, प्राविधिक वा प्रशासनिक समस्या आए तत्काल मन्त्रालयलाई जानकारी गराउन आग्रह गर्दै उहाँले नेपाल दूरसञ्चार प्राधिकरणलाई प्रभावकारी नियामकको भूमिका निर्वाह गर्न तथा सबै सेवा प्रदायकबीच समन्वय गरी स्पष्ट समय सीमासहितको एकीकृत कार्ययोजना कार्यान्वयन गर्न निर्देशन दिनुभयो । उहाँले वर्षायामका बाबजुद निरन्तर काम गरिरहेका प्राविधिक जनशक्तिको प्रशंसा गर्दै कामको गति अझ तीव्र बनाउनुपर्नेमा जोड दिनुभयो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री श्रेष्ठले पनि अव्यवस्थित तार व्यवस्थापन र भूमिगत 'केबलिङ' दुवै कार्यलाई प्रभावकारी रूपमा अघि बढाउन सबै निकाय जवाफदेही हुनुपर्ने बताउनुभयो । उहाँले न्यूरोड र विशालबजार क्षेत्रमा तार व्यवस्थापनपछि सहरी सौन्दर्यमा आएको सुधार उदाहरणीय रहेको उल्लेख गर्दै अन्य क्षेत्रमा पनि यही ढाँचामा काम विस्तार गरिने जानकारी दिनुभयो ।

## सेवा पुरस्कार मुटु रोग विशेषज्ञ डा कोइरालालाई

काठमाडौँ । यसवर्षको 'सेवा पुरस्कार नेपाल' मुटु रोग विशेषज्ञ डा भगवान कोइरालालाई प्रदान गरिएको छ । कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठीले सोमबार आयोजना गरेको कार्यक्रममा मुटु रोगको उपचार र बाल चिकित्सा क्षेत्रमा उहाँले पुऱ्याउनुभएको योगदानको कदर गर्दै रु दुई लाख २२ हजार २२२ राशि नगदसहित सम्मानपत्रले उहाँलाई सम्मानित गरिएको हो ।

यसैगरी यस वर्षको 'बद्रीविक्रम राष्ट्र गौरव पुरस्कार नेपाल' भरतपुर महानगरपालिका-१ देवघाट चितवनमा रहेको गार्गी कन्या गुरुकूललाई प्रदान गरिएको छ । सबै जातका बालिकालाई संस्कृत शिक्षा दिने गुरुकूललाई उक्त पुरस्कार दिइएको हो । यो पुरस्कारको राशि रु दुई लाख २२ हजार २२२ सहित सम्मानपत्र रहेको छ । पुरस्कार गार्गी कन्या गुरुकूल प्रतिष्ठानका प्रमुख संरक्षक एवं अध्यक्ष भगवती उपाध्यायले ग्रहण गर्नुभयो ।

कार्यक्रममा ८० वर्षको उमेरमा तरकारी पसल सञ्चालन गर्ने पाटनकी मनमाया लामालाई नगद रु २५ हजार राशिसहित सम्मानपत्रसहित श्रम सम्मान प्रदान गरिएको छ । आठ दशक जीवन पार गरिसक्नुभएका ललितपुरका श्यामलाल महर्जनले अहिले पनि घरघर पुगेर शुद्ध तोरीको तेल बेच्नभएको भन्दै नगद रु २५ हजार नगद र सम्मानपत्रसहित श्रम सम्मान गरिएको छ ।

थापा स्मृति सेवा गुठीले यसवर्षको आर्थिक सहयोग नगेन्द्रराज शर्मा साहित्यिक पत्रकारिता पुरस्कार कोषलाई रु २५ हजार प्रदान गरेको छ । कोषका पवन आलोकले सो सहयोग ग्रहण गर्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै स्वामी आत्मानन्द गिरिजी महाराजले धर्म, संस्कृति, संस्कार र सेवालाई मुख्य आधार बनाएर काम गर्ने व्यक्ति, व्यक्तित्व र संस्थालाई सम्मान गर्नु सकारात्मक कदम भइरहेको भन्दै खुसी व्यक्त गर्नुभयो । आफूले सन्यास धारण गरेर पनि जीवनमा धर्म, संस्कृति, संस्कार र सेवाको निरन्तर गरिरहेको उहाँले बताउनुभयो । गुठीका अध्यक्षसमेत रहनुभएका काठमाडौँ विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा सुरेशराज शर्माले बद्रीविक्रम थापाले शिक्षा र संस्कृतिका क्षेत्रमा गर्नुभएको योगदान अविस्मरणीय रहेको बताउनुभयो । गुठीका सचिव डा चिन्तामणि योगीले धर्म, संस्कृति, संस्कार र सेवालाई मूल आधार बनाएर काम गर्ने जनशक्ति निर्माण र सम्मानमा काम गरिनुपर्नेमा जोड दिनुभयो । गार्गी कन्या गुरुकूलमा कक्षा ११ मा अध्ययनरत छात्रा नवीना भट्टराईले संस्कृत ज्ञान र विज्ञानको भाषा भएकाले सबैलाई यसको आवश्यकता पर्ने बताउनुभयो । गार्गी कन्या गुरुकूल प्रतिष्ठानका उपाध्यक्ष डा मन काफ्लेले गुरुकूलमा कक्षा ६ देखि कक्षा १२ सम्म ८५ जना बालिकाले संस्कृत शिक्षा अध्ययन गरिरहेका जानकारी दिनुभयो ।

पुरस्कृत व्यक्तित्व डा कोइरालाले कोशी र बागमती प्रदेशमा बाल अस्पताल स्थापना भइसकेको जानकारी गराउँदै अब कर्णाली प्रदेशमा स्थापना गर्न लागिएको जानकारी दिनुभयो । बालबालिकाको सबै किसिमका रोगको उपचार गर्ने उद्देश्यले खोलिएका यस किसिमको बाल अस्पताल देशका सात वटै प्रदेशमा विस्तार गरिने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

गुठीका कोषाध्यक्ष एवं बद्रीविक्रम थापाका छोरा किरण थापाले २०५३ साल कात्तिक १ गते स्थापना भएको संस्थाले प्रत्येक वर्ष 'सेवा नेपाल' नामक विशेषाङ्क प्रकाशन गर्दै आएको जानकारी दिनुभयो । यसवर्ष वरिष्ठ पत्रकार भैरव रिसाल विशेषाङ्क प्रकाशन गरिएको भन्दै उहाँले यो २५औँ अङ्क रहेको बताउनुभयो । आफ्ना बुबाले जीवनमा राष्ट्र सेवा गरी बस्नुभएको बताउँदै किरणले नेपालका १२ स्थानमा केही विशेष कार्य गर्ने लक्ष्यका साथ गुठी अघि बढेको जानकारी दिनुभयो ।

## अखेटोपहार ओसापसारको अभियोगमा ३ जना पक्राउ

चितवन । चितवन राष्ट्रिय निकुञ्जले संरक्षित वन्यजन्तु कालो सालकको अखेटोपहार ओसारपसार गरेको अभियोगमा तीन जनालाई पक्राउ गरेको छ । निकुञ्जका कर्मचारी र निकुञ्ज सुरक्षार्थ खटिएको नयाँ गोरख गणको संयुक्त टोलीले सञ्चालन गरेको 'कोभर्ट अप्रेसन' का क्रममा तीन जनालाई पक्राउ गरिएको हो ।

निकुञ्जले सोमबार जारी गरेको विज्ञप्तिमा सुरक्षा निकाय र कर्मचारीले अप्रेसनका क्रममा साउन ४ गते भरतपुर महानगरपालिका-२६ बाट गोरखाको पालुङ्टार-४ स्थायी घर भई भरतपुर ११ बस्ने ४४ वर्षीय रमेश सुनारलाई पक्राउ गरेको जनाइएको छ । संरक्षित वन्यजन्तु सालकको खपटा जस्तो देखिने अखेटोपहार ओसारपसार गरिरहेको अवस्थामा निजलाई पक्राउ गरी अनुसन्धान गरिएकामा सोही कसुरमा संलग्न रहेको खुल्न आएपछि थप दुई जना पक्राउ परेका विज्ञप्तिमा उल्लेख छ ।

पक्राउ पर्नेहरूमा भरतपुर-२० का ४२ वर्षीया रेनु भनिने रीता परियार र भरतपुर-२९ का २७ वर्षीय सुभाष लामा रहेका छन् । निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरद्वारा जारी विज्ञप्तिमा निजहरूलाई जिल्ला अदालत चितवनमा प्रतिवादी बनाइ अभियोग दर्ता गरिएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com